# निस्दी गाउँपालिका

## स्थानीय राजपत्र

| खण्ड ६ | संख्या ३ | मिति २०७९/१२/२७ |
|---|---|---|

# भाग २

## निस्दी गाउँपालिका

## लुम्बिनी प्रदेश, नेपाल

## निस्दी गाउँपालिकाको होम स्टे संचालन कार्यविधि, २०७९

स्थानीय समुदायको संलग्नतामा स्वरोजगारका अवसर सिर्जना गर्न ग्रामीण अर्थतन्त्रमा योगदान पुर्याउन एवं पर्यटनको माध्यमबाट ग्रामीण पर्या पर्यटनको विकास प्रवर्द्धन, व्यवस्थापन र नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को १०२ ले दिएको अधिकार अनुसार निस्दी गाउँ कार्यपालिकाले यो कार्यविधि निस्दी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

CamScanner

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

# निस्दी गाउँपालिकाको होम स्टे संचालन कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मिति २०७९।०९।१५

स्थानीय समुदायको संलग्नतामा स्वरोजगारका अवसर सिर्जना गर्न ग्रामीण अर्थतन्त्रमा योगदान पुर्याउन एवं पर्यटनको माध्यमबाट ग्रामीण पर्या पर्यटनको विकास प्रवर्द्धन, व्यवस्थापन र नियमन गर्न आवश्यक भएकोले निस्दी गाउँपालिकाको विनियोजन ऐन २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको प्रकरण नम्बर २४१ कार्यान्वयनको लागि निस्दी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम निस्दी गाउँपालिकाको होम स्टे संचालन कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि निस्दी गाउँपालिका भरी लागु हुनेछ ।

(३) यो कार्यविधि निस्दी गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) होम स्टे भन्नाले पर्यटकलाई आवास खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले आफ्नै घर वा समुदायमा नीजी वा सामुहिक रुपमा संचालन गरिएको घरबास सेवा सम्झनु पर्छ ।

(ख) सामुदायिक होम स्टे भन्नाले ग्रामिण क्षेत्रमा संचालनमा रहेका कम्तिमा पाँचवटा अलग अलग स्वामित्व भएका घरधनीले सामुहिक रुपमा व्यवस्थापन गरी संचालन गरेको होम स्टेलाई सामुदायिक होम स्टे सम्झनु पर्दछ।

(ग) निजी होम स्टे भन्नाले ग्रामीण क्षेत्रमा एकल रुपमा दर्ता गरी निजी स्तरमा संचालित होम स्टेलाई सम्झनुपर्दछ।

(घ) स्थानीय तह भन्नाले निस्दी गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ङ) होम स्टे व्यवस्थापन तथा संचालन समिति भन्नाले दफा ९ बमोजिमको समिति सम्झनुपर्दछ ।

(च) होम स्टे इकाई भन्नाले होम स्टे संचालन तथा व्यवस्थापन समिति अन्तर्गत रहेका घर सम्झनुपर्दछ ।

(छ) कार्यालय भन्नाले निस्दी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

**३. उद्देश्यः** होम स्टे संचालनका मुख्य उद्देश्य देहाय बमोजिमका हुनेछन् -

(क) ग्रामीण क्षेत्रमा पर्यटन प्रवर्द्धन गरी त्यसबाट प्राप्त प्रतिफल ग्रामीण समुदाय सम्म पुर्याउने ।

(ख) ग्रामीण क्षेत्रका जनतालाई पर्यटन ब्यवसायमा सहभागी गराई जीवनस्तर सुधार गर्ने ।

(ग) होम स्टेको माध्यमबाट ग्रामीण तथा स्थानीय स्तरमा स्वरोजगारको अवसर सृजना गर्ने ।

(घ) ग्रामीण पर्यटनमा रमाउने पर्यटकलाई सहज बसोबासको व्यवस्थापन गरी गाउँका ऐतिहासिक धार्मिक र रमणीय स्थानको बारेमा जानकारी दिने ।

(ङ) पर्यटकलाई सुलभ सरल र सहज वाताबरणमा स्थानीय परिकार रितीरिवाज कला संस्कृति र रहन सहनको उत्कृष्ट अनुभव प्रदान गर्ने ।

**४. दर्ताका लागि निबेदन दिनेः**

(१) होम स्टेको संचालन गर्न चाहने ब्यक्ति वा समुदायले देहाय बमोजिमका कागजात सहित अनुसुचि -१ बमोजिमको ढाँचामा रु ५००/- राजश्व तिरेको रसिद सहित निस्दी गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।निवेदन साथ देहाय बमोजिमका कागजात तथा सिफारिस संलग्न हुनुपर्नेछ ।

CamScanner

(क) सामुदायिक होम स्टेको हकमा कम्तीमा पाँच जना घरधनीले आ-आफ्नो घरमा सामुहिक रुपमा होम स्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिबद्धता र निजी होम स्टेका लागि घर परिवारको प्रतिबद्धता ।

(ख) जग्गा धनी प्रमाण पुर्जा वा पैतृक सम्पत्ती यकिन हुने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भए सो को सम्झौताको प्रतिलिपी र शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपी ।

(ग) होम स्टे संचालकहरूको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

(घ) वडा कार्यालयको सिफारिस पत्र ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा १० को उपदफा २ बमोजिमको समितिले सम्बन्धित वडाको वडा अध्यक्षको रोहवरमा निरीक्षण गरी अनुसूची-२ बमोजिमको मापदण्ड पुरा भए नभएको बारेमा गाउँपालिकाको कार्यालयमा १५ दिनभित्र प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निरीक्षणबाट तोकिएको मापदण्ड पुरा भएको प्रतिवेदन प्राप्त भएको सात दिन भित्र रु. चार हजार शुल्क लिई कार्यपालिकाको निर्णय पश्चात दर्ता गर्नुपर्नेछ र अनुसुचि ३ बमोजिमको ढाँचामा होम स्टे संचालन प्रमाण पत्र दिनुपर्नेछ। प्रमाणपत्र सम्बन्धी दर्ता अभिलेख कार्यालयले तोकेको ढाँचामा राखिनेछ ।

(४) मापदण्ड पुरा नगरेको हकमा आवश्यक सुधार गर्न समय दिई पुन स्थलगत निरिक्षण गरी उपदफा (३) बमोजिम दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

**५. होम स्टे दर्ताका लागि न्यूनतम मापदण्डहरुः**

(क) पाहुनाका लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड भएको हुनुपर्नेछ ।

(ख) शौचालय र स्नान गृहको अनिवार्य व्यवस्था हुनुपर्नेछ ।

(ग) घरायासी र बातावरणीय सरसफाईको राम्रो ब्यवस्था हुनु पर्नेछ र फोहरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने भाँडोको ब्यवस्था गरिनुपर्नेछ ।

(घ) सेवा सुबिधा र गुणस्तरका आधारमा खानपानका बस्तुहरु र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मुल्य सुचि (मेनु) को ब्यवस्था हुनुपर्नेछ ।

(ङ) बाल श्रमिकको प्रयोग गर्न पाईनेछैन ।

(च) संचारका न्यूनतम सुविधाहरुको व्यवस्था हुनुपर्नेछ ।

**६. होम स्टेको बर्गीकरणः** अनुसुचि -२ मा उल्लेख मापदण्ड पुरा गरी अलग अलग स्वामित्व भएका कम्तीमा पाँच वटा घरधनीले सामुहिक व्यवस्थापन गरी संचालन गरेको होम स्टेलाई सामुदायिक ग्रामिण होम स्टे र व्यक्तिले एकल रुपमा संचालन गरेको होम स्टेलाई निजी होम स्टेको रुपमा बर्गीकरण गरिनेछ ।

**७. होम स्टेका मुख्य पर्यटकीय क्रियाकलापः** (१) होम स्टे सञ्चालकले मनोरञ्जनका लागि पाहुनाको चहना अनुसार स्थानीय क्षेत्रमा संचालन हुने सांस्कृतिक कार्यक्रम, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेकिङ, कृषि फर्म अध्ययन अवलोकन, सिकाई केन्द्र संग्राहलय दृश्यावलोकन आदि जस्ता मुख्य पर्यटकीय क्रियाकलाप गर्नुपर्नेछ तर मनोरञ्जनका नाममा बालबालिका प्रयोग गर्न भने पाईने छैन ।

(२) उपदफा (१) मा लेखिए बाहेक होम स्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नुपर्नेछ ।

(क) स्थानीय प्रचलन अनुसार फूलमालाले स्वागत गर्ने ।

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल मित्याल, पाल्पा

CamScanner

(ख) स्थानीय मौलिक परम्परागत सांस्कृतिक कार्यक्रमको आयोजना गर्ने ।

(ग) स्थानीय सम्पदा संग्राहलय झरना जंगलको अवलोकनको व्यवस्था मिलाउने ।

(घ) स्थानिय कृषि घरेलु तथा हस्तकला प्रबिधि र स्थानीय जनता बीच जीवनशैली भेषभुषा आदि विषयमा अवलोकन तथा अनुभवहरुको साटासाट गराउने ।

(ङ) पर्यटकलाई गाउँघरमा उत्पादित स्थानीय तथा प्राङ्गारिक खाना खुवाई फरकपन दिने ।

(च) पर्यटकलाई होम स्टेमा रहँदा उत्कृष्ट आतिथ्यता सहित पारिवारिक वाताबरणमा वसिरहेको अनुभव दिलाउने ।

(छ) स्थानीय उत्पादन र सांस्कृतिक झल्कने मायाको चिनो र फुल माला सहित पर्यटकलाई बिदाई गर्ने ।

(ज) पर्यटक होम स्टेबाट बिदाई भएपछि एकपटक उनीहरु गन्तब्य पुगे नपुगेको जानकारी लिने ।

**८. होम स्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरुः**

(क) सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको ब्यवस्था मिलाउनु पर्ने ।

(ख) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको ब्यवस्था गर्नुपर्ने ।

(ग) होम स्टे चालन क्षेत्रका लागि कम्तिमा एक सामुदायिक भवन वा हलको ब्यवस्था गर्नुपर्ने ।

(घ) हरेक बर्ष लेखा परिक्षण गराउने र पर्यटकको तथ्याङ्क ब्यवस्थित गरी राख्नुपर्नेछ ।

(ङ) प्रत्येक वर्ष पौष मसान्तसम्म नियमानुसार सम्बन्धित निकायबाट कर चुक्ता प्रमाणपत्र लिनु पर्ने ।

**९. होम स्टे ब्यवस्थापन तथा संचालन समितिः** (१) सामुदायिक होम स्टे सञ्चालन गर्नका लागि संचालकहरुले साधारण सभा वा भेला गरी देहाय बमोजिमको होम स्टे व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नु पर्नेछ ।

(क) समुदायका सदस्यहरुबाट एक जना - अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट एक जना - उपाध्यक्ष

(ग) समुदायका सदस्यहरुबाट एक जना - कोषाध्यक्ष

(घ) समुदायका सदस्यहरुबाट महिला सदस्य - सदस्य

(ङ) समुदायका सदस्यहरुबाट एक जना - सदस्य सचिव

(२) होम स्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी होम स्टे ब्यवस्थापन तथा सञ्चालन समिति थप गर्न सकिनेछ ।

(३) होम स्टे ब्यवस्थापन तथा सञ्चालन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटक र सञ्चालकहरुले पालना गर्नुपर्ने अचारसंहिताको बारेमा जानकारी गराउने ।

(ख) आगन्तुक पाहुनाको स्वागत तथा आवासको ब्यवस्था मिलाउने ।

(ग) पाहुनाको दर्ता तथा रेकर्डको ब्यवस्था गर्ने ।

(घ) आय-व्ययको श्रेस्ता ब्यवस्थित र दुरुस्त राख्ने ।

(ङ) होम स्टे संचालन क्षेत्र भित्र बालश्रम तथा बालबिवाहको अन्त्य गर्ने ।

CS CamScanner

(च) होम स्टे क्षेत्रको सरसफाई तथा अन्य व्यवस्थापन पक्षको नियमित अनुगमन गर्ने ।

(छ) स्थानीय पर्यटन प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने ।

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन व्यवस्थापन गर्ने ।

(झ) स्थानीय कला सांस्कृतिक भेषभुषाको संरक्षण गर्ने ।

(ञ) पाहुनाको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाको व्यवस्थापन तथा समन्वय गर्ने ।

(ट) होम स्टे जाने पथचिन्ह तथा लोकेसन म्याप तयार गरी आवश्यक स्थानमा राख्ने ।

(ठ) होम स्टेमा हुने सेवा तथा सुविधाहरुको गुणस्तरका आधारमा मुल्य सुचि निर्धारणमा एकरुपता कायम गर्ने ।

(ड) स्थानीय तहको होम स्टे समन्वय समिति र प्रदेशमा रहेको पर्यटन मन्त्रालयसँग नियमित सम्पर्क र सञ्चार गर्ने ।

(ढ) अनुसुची -४ बमोजिमको सूचना पाहुनाले देख्ने स्थानमा राख्ने ।

(ण) होम स्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि अध्ययन अवलोकन भ्रमण जस्ता कार्य गर्ने गराउने ।

(त) होम स्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

**१०. स्थानीय तह होम स्टे समन्वय समितिः** (१) गाउँपालिकाले होम स्टे सञ्चालनको माध्यमबाट पर्यटन विकास प्रवर्द्धन र समन्वय गर्नका लागि स्थानीय तह होम स्टे समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति गठन गर्दा गाउँ कार्यपालिकाको बैठकको निर्णयले तोकेको कर्मचारीको संयोजकत्वमा बिषयगत शाखा प्रमुखहरु रहने गरी ७ देखि ११ जना सम्मको स्थानीय तह होम स्टे समन्वय समिति गठन गरिनेछ ।

(३) स्थानिइ तह होम स्टे समन्वय समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो स्थानीय तहमा भएका होम स्टे ब्यवस्थापन समितिहरु बीच समन्वय र सहजीकरण गर्ने ।

(ख) पूर्वाधार बिकास र क्षमता अभिबृद्धि सम्बन्धी काम गर्ने ।

(ग) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने ।

(घ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने ।

(ङ) पर्यटकहरुको संचार तथा सुरक्षामा समस्या देखिएमा सहयोग गर्ने ।

(च) पालिकामा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र अभिलेख ब्यवस्थित गर्ने ।

(छ) होम स्टे बिकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

**११. पर्यटन पूर्वाधार विकास योजनामा सहयोग सम्बन्धी ब्यवस्थाः** होम स्टे पर्यटन पूर्वाधार विकास तथा संरक्षण सम्बन्धी योजनाहरुमा निस्दी गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछ ।

**१२. अनुगमन तथा निरीक्षण सम्बन्धी ब्यवस्थाः** (१) गाउँ कार्यपालिका वा स्थानीय तह होम स्टे समितिले आवश्यकता अनुसार समय समयमा होम स्टे ब्यवस्थापन तथा संचालन समितिका कार्यहरु तथा प्रत्येक होम स्टेको अनुगमन तथा निरीक्षण गरी देहाय बमोजिमका कार्य गर्न सक्नेछ ।

(क) मापदण्ड पुरा नगरेका होम स्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पुरा गर्न लगाउने ।

गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

CamScanner

(ख) मापदण्ड पुरा नगरेका होम स्टेलाई निलम्बन वा खारेज गर्न कार्यालयलाई सिफारिस गर्ने ।

(ग) होम स्टे संचालनका लागि यस कार्यविधिले तोकेका मापदण्डहरु पालना गर्न आवश्यक निर्देशन दिने ।

(ख) होम स्टे संचालक समिति संग आय व्ययको विवरण माग गरी निरीक्षण गर्ने ।

**१३. नविकरणः** (१) सामुदायिक तथा निजी होम स्टे सञ्चालकले देहाय बमोजिमको कागजात संलग्न गरी हरेक वर्ष नविकरणका लागि कार्यालयमा निबेदन दिनुपर्नेछ ।

(क) लेखा परिक्षण प्रतिवेदन,

(ख) होम स्टेको वार्षिक प्रगति प्रतिवेदन,

(ग) रु. एक हजार राजश्व तिरेको रसिद,

(घ) होम स्टे संचालन समितिको निर्णय,

(ङ) सम्बन्धित वडाको सिफारिस,

**१४. सिमा तथा बन्देजः** (१) यो कार्यविधि निस्दी गाउँपालिका क्षेत्र भित्र संञ्चालन हुने होम स्टेको हकमा लागू हुनेछ । प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकारका निकायहरुमा दर्ता भई यस पालिका क्षेत्र अन्तरगत होम स्टे सञ्चालन गर्न यस कार्यविधिले बन्देज लगाएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम अन्य निकायमा दर्ता भई संचालन हुने होम स्टेहरुले कार्यालयमा रु पाँच सय सूचीकृत दस्तुर तिरेर सुचीकृत हुनु पर्नेछ । सुचीकृत सम्बन्धी अभिलेख तथा अन्य व्वस्था कार्यालयले तोकेको ढाँचामा हुनेछ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

CS CamScanner

अनुसूचि -१

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

श्री निस्दी गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय
मित्याल पाल्पा ।

म/हामीहरुले निस्दी गाउँपालका वडा नं -- ---टोल/ गाउँ------------मा संचालन गर्न लागेको ------------------होम स्टेलाई होम स्टे संचालन कार्यबिधि २०७९ बमोजिम सामुदायिक/ निजी होम स्टेको रुपमा दर्ता गरी पाउन निबेदन गर्दछु/ गर्दछौ ।

होम स्टे संचालन कार्यबिधि २०७९ को अधिनमा रही आफ्नो होम स्टे संचान गर्नेछौ ।

संलग्न कागजातः

१ निबेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

२ घर धनीको जग्गाको जग्गा धनी प्रमाण पुर्जा ।

२ प्रत्येक घरधनीले होम स्टे संचालन गर्न मन्जुर गरेको कागजात सहित होम स्टे ब्यवस्थापन तथा संचालक समितिको निर्णय प्रतिलिपि ।

३ ब्यवस्थापन समिति गठन तथा दर्ता सम्बन्धि स्थानीय भेलाको निर्णय ।

४ सम्बन्धित वडाको सिफारिस ।

निबेदकको नाम थरः
ठेगानाः
मितिः

CamScanner

अनुसूचि -२

(दफा ४ को उपदफा (२) संग सम्बन्धित )

होम स्टे संचालनका आधारभुत मापदण्ड

१ होम स्टेका लागि घर कोठा र शैयाः

क) होम स्टेमा पाहुना लागि १ वटा अलगै कोठा हुनुर्नेछ ।

ख) भुईमा कार्पेट वा गुन्द्री ओछयाएको हुनुपर्नेछ ।

ग) प्रत्येक पाहुनालाई एक जोर चप्पल हुनुपर्नेछ ।

घ) फोहर फाल्ने टोकरी वा डस्टबीन हुनुपर्नेछ ।

ङ) डोरम्याटको ब्यवस्था हुनुपर्नेछ ।

च) भित्तामा एनाको ब्यवस्था हुनुपर्नेछ ।

छ) सुत्ने कोठामा धुवाँ धुलो आउने खालको हुनुहुदैन ।

ज) लुगा झुण्डयाउने ब्यवस्था हुनुपर्नेछ ।

झ) कोठामा बत्तीको ब्यवस्था हुनुपर्नेछ ।

ञ) पर्यटकले देख्ने गरी आचार संहिता उपयुक्त स्थानमा टाँस्नु पर्नेछ ।

२ शौचालय र स्नान घरः

क) सुबिधायुक्त र सफा शौचालय हुनुपर्नेछ ।

ख) सुबिधायुक्त स्नान घरको ब्यवस्था हुनुपर्नेछ ।

ग) स्नान घरमा पानी बाल्टी मग साबुन तथा रुमालको ब्यवस्था भएको हुनुपर्नेछ ।

३ भान्छा कोठा र खाना खाने ब्यवस्था

क) पाहुना घर/कोठा नजिक कुखुरा गाई भैसी बाख्रा सुगुँर राख्न पाईनेछैन ।

ख) धेरै धुवाँ नहुने भान्सा बनाउनुपर्नेछ ।

ग) पानी उमालेर वा फिल्टर गरेर मात्र दिनुपर्नेछ ।

घ) खानाको परिकारहरुको मूल्य सूचि हुनुपर्नेछ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

CamScanner

अनुसूचि -३

(दफा ४ को उपदफा (३) संग सम्बन्धित)

## होम स्टे दर्ता प्रमाणपत्र

निस्दी गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय

मित्याल पाल्पा

प्रमाणपत्र संख्याः मितिः

------------------------लाई होम स्टे संचालन कार्यबिधि २०७९ मा ब्यवस्था भए अनुसार सामुदायिक/नीजि होम स्टेका रुपमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१) होम स्टेको नाम

२) संचालकको नाम थर

३) ठेगाना

४) मान्य अबधि

अनुमतिपत्र प्रदान गर्ने अधिकृतको

नामः

पदः

हस्ताक्षरः

मितिः

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल मित्याल, पाल्पा

CamScanner

अनुसूचि -४

(दफा ९ को उपदफा (३) खण्ड (ढ) संग सम्बन्धित)

(आचार संहिता)

पर्यटकहरुले निम्न लिखित आचार संहिताको पालना गर्नु पर्नेछ

१ होम स्टेमा उपलब्ध हुन नसक्ने खाना पेय पदार्थ र सुबिधा बारे संचालकलाई दबाव दिन पाईनेछैन ।

२ होम स्टे र छिमेकीलाई असर पर्नेगरी होहल्ला गर्न ।

३ होम स्टे संचालकको क्षमता भन्दा बाहिरको माग गर्नपाईनेछैन ।

४ सामाजिक मूल्य मान्यता धर्म संस्कृतिको हिसावले नपच्ने ब्यवहार गतिबिधि यौनजन्य हिंसा गर्नपाईनेछैन ।

५ स्थानीय समुदायको रिति रिवाजलाई सम्मान गर्नुपर्नछ ।

५ अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाई दवाव दिन पाईनेछैन ।

गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

(ख) मापदण्ड पुरा नगरेका होम स्टेलाई निलम्बन वा खारेज गर्न कार्यालयलाई सिफारिस गर्ने ।

(ग) होम स्टे संचालनका लागि यस कार्यविधिले तोकेका मापदण्डहरु पालना गर्न आवश्यक निर्देशन दिने ।

(ख) होम स्टे संचालक समिति संग आय व्ययको विवरण माग गरी निरीक्षण गर्ने ।

**१३. नविकरणः** (१) सामुदायिक तथा निजी होम स्टे सञ्चालकले देहाय बमोजिमको कागजात संलग्न गरी हरेक वर्ष नविकरणका लागि कार्यालयमा निबेदन दिनुपर्नेछ ।

(क) लेखा परिक्षण प्रतिवेदन,

(ख) होम स्टेको वार्षिक प्रगति प्रतिवेदन,

(ग) रु. एक हजार राजश्व तिरेको रसिद,

(घ) होम स्टे संचालन समितिको निर्णय,

(ङ) सम्बन्धित वडाको सिफारिस,

**१४. सिमा तथा बन्देजः** (१) यो कार्यविधि निस्दी गाउँपालिका क्षेत्र भित्र संञ्चालन हुने होम स्टेको हकमा लागू हुनेछ । प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकारका निकायहरुमा दर्ता भई यस पालिका क्षेत्र अन्तरगत होम स्टे सञ्चालन गर्न यस कार्यविधिले बन्देज लगाएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम अन्य निकायमा दर्ता भई संचालन हुने होम स्टेहरुले कार्यालयमा रु पाँच सय सूचीकृत दस्तुर तिरेर सुचीकृत हुनु पर्नेछ । सुचीकृत सम्बन्धी अभिलेख तथा अन्य व्वस्था कार्यालयले तोकेको ढाँचामा हुनेछ।

०८१/१२/२८
आज्ञाले
ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
भित्याल, पाल्पा